**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख ८ गते**

प्रदेश ५ मा हालसम्म एक जना पनि कोरोना भाइरस सङ्क्रमण पुष्टि नभएको पाइएको छ । सङ्क्रमण रोकथाम र न्यूनिकरणका लागि सङ्घीय सरकारले गरेका निर्णहरूलाई प्रदेश र स्थानीय तहले कार्यान्वयन गराउनुका साथै स्थानीय स्तरबाट समेत विभिन्न पहलहरू गरेका छन् । हाल प्रदेशमा २ हजार ४ सय ३२ जना क्वारेण्टाइनमा रहेका छन् । भने १ सय ३ जना आइसोलेशनमा रहेका छन् ।
यसैगरी प्रदेश ५ का सबै जिल्लाहरूमा पहिलो चरणको खाद्यान्न वितरण कार्य सकिएसँगै केही जिल्लाका स्थानीय तहहरूले दोस्रो चरणको खाद्यान्न वितरणका लागि तयारी गरी रहेका छन् । **कोरना भाइरसको** प्रकोपलाई नेपालमा फैलिन नदिने उद्देश्यले प्रदेश ५ ले “नेपाल कोभिड-१९ ट्रेसिङ” एप निर्माण तथा सञ्चालनमा ल्याएको छ ।
एपले कोभिड-१९ भाइरसबाट सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिहरूको विवरण पत्ता लगाउन मद्दत गर्ने । ब्लुटु मा आधारित प्रविधिको प्रयोग गरिएकोले नियमित इन्टरनेट वा मोवाइल डाटाको प्रयोग गरिरहनु नपर्ने,अफलाइन र अनलाइन दुवै अवस्थामा चलाउन सकिने र अफलाइन अवस्थामा चलाउँदा सङ्कलन भएको विवरण अनलाइनमा हुँदा स्वत अपडेट हुने ।, कोभिड-१९ भाइरसको सम्भावित सङ्क्रमितको पहिचान गर्न मिल्ने । एपको माध्यमबाट सङ्कलित विवरणहरू प्रदेश ५ सरकारसँग सुरक्षित रहने र नियन्त्रण एवम् व्यवस्थापनका लागि मात्र प्रयोग गरिने भएकोले प्रयोगकर्ताको सूचना गोप्य रहने जनाएको छ ।
यसैगरी कोरोना सङक्रमणको जोखिमलाई कम गर्न लुम्विनी प्रादेशिक अस्पताल बुटवलमा स्वचालित स्यानिटाइजर छर्ने उपकरण जडान गरिएको छ ।
मायादेवी गाउँपालिकाले विदेशबाट अएका वडा नम्बर -८ को शैक्षिक तालिम केन्द्रको क्वारेण्टाइनमा बसेका पाँच जनालाई वैशाख ८ गते घर पठाएको छ । उनीहरूको आरडीटी परीक्षण नेगेटिभ देखिएपछि घर पठाइएको थियो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार विश्व भरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट हुने सक्ने सम्भावित सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न बाँकेमा लकडाउनमा कडाइ गरेको छ ।
जिल्ला प्रशासन कार्यालयले वैशाख ८ गते देखि अर्को सूचना नआउञ्जेल सम्मका लागि साँझ ४ बजेपछि कुनै पनि पसल सञ्चालन गर्न नपाईने भन्दै सूचना जारी गरेको छ । यसैगरी नेपालगञ्ज मेडिकल कलेजको आइसोलेशनमा राखेर उपचारको क्रममा मृत्यु भएका बर्दिया गुलरिया नपाका ४५ वर्षीय इसराइल बेहना र कोहलपुर मेडिकल कलेजको आइसोलेशनमा मृत्यु भएका दाङ जिल्लाका ३६ वर्षीय गुमानसिह अधिकारीको पिसिआर विधिबाट गरिएको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगरका** अनुसार वैशाख ७ गते जिल्ला स्थित सरोकावाला निकायको बैठकले आरडीटी परीक्षणका लागि सिस्ने गाउँपालिकाका मा वैशाख १० गते, भूमे गाउँपालिकामा वैशाख ११ गते र पुथाउत्तरगंगा गाउँपालिकामा १२ गते क्वारेण्टाइन र होम क्वारेण्टाइनमा बसेकाहरूको आरडीटी परीक्षण गरिने जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादव शर्माले बताउनु भयो ।

रुकुमपूर्वमा विभिन्न देशबाट आएका ३६ जनालाई क्वारेण्टाइनमा र ८६ जनालाई होम क्वारेण्टाइनमा राखिएको थियो । जस अनुसार वैशाख ५ गते २० र वैशाख ६ गते १० जना गरी ३० जनाको आरडीटी विधिबाट परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको थियो ।
सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोवर्धन बुढा मगरका अनुसार २८ जना क्वारेण्टाइनमा बसेका र दुई जना होम क्वारेण्टाइनमा बसेकाको आरडीटी परीक्षण गरिएको छ ।
लकडाउनका कारण स्थगन भएको एसइइ परीक्षापछि अन्यौलमा रहेका विद्यार्थीलाई मध्यनजर गर्दै भूमे गाउँपालिकाले रेडियो तथा युटयुव च्यानलबाट पठन पाठन गराृने भएको छ ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार जिल्लाबाट हाल सम्म १२ जनाको स्वाव परीक्षण गर्न पठाएकोमा सबै रिर्पोट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।
जिल्ला अस्पतालको आइसोलेशनमा रहेका र कतारबाट यस अघिका सङ्क्रमित सँगै आएका तथा भारतको गौरीफन्टा नाका बाट कैलालीका सङ्क्रमित सँगै आएका १२ जनाको पहिचान गरी स्वाव परीक्षणकालागि भैरहवा पठाएकोमा सवैको रिर्पोट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख विशाल सुवेदीले जानकारी दिनुभयो ।
इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुलीका अनुसार कोरोना भाइरसको सङ्क्रमण विश्वभर फैलिदैं गएपछि यसको रोकथामका लागि सरकारले लकडाउन गरेको बेला पश्चिम नवलपरासीमा भने थोक विक्रेताले विपद्को मौका छोपी अत्यावश्यक खाद्य वस्तुको मूल्य बढाएका छन् ।
जिल्लाका खाद्य केन्द्रहरूमा चामल, दाल, गेडागुडी ,तेल, नुन जस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुको मूल्य बढेको पाइएको हो । प्रतिबोरा ९ सय ५० रुपियाँ भन्दा बढी मूल्यका चामल १ सय रुपियाँ बढेको खुद्रा व्यापारीले बताएका छन् । यसैगरी हरेक खाद्य वस्तुको मूल्यमा बढोत्तरी भएको पाइएको छ । जिल्लामा क्वारेण्टाइनमा बस्नेको सङ्ख्या वैशाख ८ गते सम्म ८५ जना रहेका छन् ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती मगर**का अनुसार उर्जा मन्त्री वर्षमान पुनले वैशाख ७ गते काठमाडौं इट्टाभट्टामा श्रम गर्न गएका करिब ५ सय जना मजदुरहरूलाई रोल्पा पठाउनु भएको छ । हाल उनीहरू रून्टिगढी गाउँपालिकाको होलेरी आइपुगेका छन् । उनीहरू रुन्टिगढी, त्रिवेणी, माडी, परिवर्तन र पुर्वी रुकुमका मजदुरहरू रहेको बताइएको छ । नुवाकोट जिल्लामा मजदुरी गर्न गएका १२ जना पैदल यात्रा गरेर रोल्पा आइपुगेका छन् । उनीहरूलाई माडी गाउँपालिका- ५ को क्वारेण्टाइनमा राखिएको छ ।
रोल्पा सिमेन्ट प्रालिले जिल्ला प्रशासन कार्यलयलाई ३ हजार ५ सय थान माक्स हस्तान्तरण गरेको छ । प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले उक्त माक्सलाई १० वटा स्थानीय तह, जिल्ला प्रहरी कार्यलय, जिल्ला कारागार कार्यलय लगायत अन्य ठाउँमा आवश्यकताका आधारमा वितरण गरिने जानकारी दिनु भयो ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार अबदेखि आरडीटी पोजेटिभ आएपछि पनि पिसीआर स्वावको नमूना सङ्कलन जिल्लामा नै गरिने भएको जिल्ला अस्पतालका मेसु डाक्टर कपिल गौतमले बताउनु भयो । स्वाव सङ्कलनको लागि सन्धिखर्कमा एटियम बुथ तयार गरिएको छ । गौतमका अनुसार रिर्पोट पोजेटिभ आएका बिरामीलाई जिल्ला बाहिर जान नपर्ने भएको छ । साथै लकडाउन अवधिसम्म १७ सय जनाले ओपिडी सेवा लिएका छन् ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको मानव अधिकार अवस्था अनुगमन नेटवर्कको कार्यविधि बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा बसेको बैठकले गैरसरकारी संस्था महासंघ नेपाल, बाँके शाखा अध्यक्ष नमस्कार शाहको संयोजकत्वमा जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगमन समिति गठन भएको छ। सदस्यहरूमा नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष ठाकुर सिंह थारु, बाँके जिल्ला बार एसोशिएसनका अध्यक्ष मोहम्मद अयूव सिद्धिकी, राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत द्वारिका कुमारी अधिकारी, उच्च अदालत बार एशोसिएशनका अध्यक्ष बिकास आचार्य र मानव अधिकारकर्मी बसन्त गौतम रहेका छन्।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार को रेसुङ्गा नगरपालिकाले अलपत्र परेका मजदुरको उद्दार गरेको छ। छिमेकी जिल्ला बाग्लुङ्गबाट बाँके र बर्दियाका लागि पैदल हिडेर आएका २४ जना मजदुरको तम्घासबाट उद्दार गरेको हो। उनीहरूलाई तम्घासमा एक र दुई दिन अस्थायी रुपमा भोजन तथा बासको व्यवस्था गरी जिल्लाको सिमामा पुर्‍याएको नगरप्रमुख डिल्ली राज भुसालले जानकारी गराउनु भयो।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार जिल्लामा ३८ स्थानमा क्वारेण्टाइन ९ सय ९९ बेडको व्यवस्थापन गरिएको छ। वैशाख ८ गतसम्म ६ सय ९० जना क्वारेण्टाइनमा रहेका छन्। हालसम्म ३ सय ६२ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ। बारबर्दिया नपामा १६ जनाको आरडीटी परीक्षण भएको छ। हालसम्म २३ जनाको स्वाव परीक्षण भएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ।
जिल्ला बाहिरबाट चैत मसान्त सम्म ६ हजार ३ सय २२ भित्रिएको तथ्याङ्क रहेको छ। वैशाख ८ गते मात्र १ सय ६० जना जिल्ला प्रवेश गर्ने रहेका छन्। हालसम्म जिल्ला बाहिरबाट ८ हजार ८० जना भित्रिएका छन्। जिल्लाका १० हजार ३ सय १२ जनालाई खाद्यान्न वितरण गरिएको छ।

**इन्सेक पाल्या जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्लामा गठित कोरोना सङ्कट व्यवस्थापन समितिमा भएको छलफल एवं निर्देशानुसार बजार खोल्ने निर्णयमा परिवर्तन गर्ने गराउने निर्णय गरिएको बताइएको छ।
तरकारी फलफुल एवं दुग्धजन्य पदार्थहरूको विक्री र लकडाउनमा बस्दै आएका नगरवासीको सहजताका लागि कृषि एम्बुलेन्सबाट घर घरमा तरकारी ल्याउने तयारी भएको छ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**